# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमति प्रदेश, नेपाल


पत्र सङ्ख्याः २०७८/०७९
चलानी नं. ६०

मिति २०७८/०४/१३

**विषय : कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।**

यस सिद्धलेक गाउँपालिका वडा नं. ६, कुम्पुर स्वास्थ्य चौकी (बर्थिङ सेन्टर)मा रिक्त अ.न.मी. पदको लागि करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिनभित्र दरखास्त आह्वानको लागि तपशील बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील**

| विज्ञापन नं. १/२०७८/०७९ | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | पद | सेवा/समुह | श्रेणी/तह | विज्ञापन किसिम | माग संख्या | परीक्षा दस्तुर |
| १. | अ.न.मी. | स्वा.क.न. | चौथो | खुल्ला | १ | रु. ७००/- |

१. **नियुक्ति किसिम :-** करार सेवा
२. **काम गर्नुपर्ने स्थान :-** कुम्पुर स्वास्थ्य चौकी
३. **शैक्षिक योग्यता :-** लोक सेवा आयोगले तोकेबमोजिमको हुनुपर्नेछ ।
४. इच्छुक उम्मेदवारले लोकसेवा आयोगको दरखास्त फारामको ढाँचा अनुरुप दरखास्त फाराम भरी यस सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बुङचुङ, धादिङमा दर्ता गराउनुपर्ने छ ।
५. उम्मेदवारले प्रचलित कानून बमोजिम शैक्षिक योग्यताको प्रमाणपत्र, सम्बन्धित स्वास्थ्य व्यवसायिक परिषद दर्ताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने छ ।
६. दरखास्त फारामका साथ तोकिएको दस्तुर कुमारी बैंक लिमिटेड, सिद्धलेक शाखा, बुङचुङमा रहेको गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०८१००३५१२३१००००५ मा दाखिला गरेको एकप्रति भौचर वा नगदै दाखिला गरेको रसिद संलग्न गर्नुपर्ने छ ।
७. रीत नपुगेको वा योग्यता नपुगेको दरखास्तले मान्यता पाउने छैन ।
८. **उम्मेदवारको उमेर :-** १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ ।
९. **तलब स्केल :-** गाउँपालिकाको नियमानुसार ।
१०. **छनौट प्रक्रिया :-** अन्तरवार्ता
११. **परीक्षा हुने मिति :-** दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछी प्रकाशित गरिनेछ ।

(नन्दलाल शर्मा)
प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner